**आकाशवाणी समाचार- नेपाली**
**मितिः १० जून २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

## प्रमुख समाचार

- प्रधानमंत्री नरेंद्र मोदी भारतको सबभन्दा लामो समय सम्म देशको सेवा गर्ने निर्वाचित प्रधानमंत्री बनिनु भएको छ। उहाँले पंडित नेहरूको 4398 दिनहरूको कार्यकालको रेकर्ड तोड्नु भएकोछ। विश्वका नेताहरूलो उहाँलाई बधाई दिएका छन्।
- श्री मोदी सरकराको 12 वर्ष तथा प्रदानमंत्रीको रूपमा सर्वाधिक कार्यकाल पूरा भएकोमा आज नयाँ दिल्लीमा एनडीएको भैठक हुने छ।
- विदेशमन्त्री डा. एस. जयशंकर आजदेखि दुई दिने बुल्गेरिया र फिनल्याण्डको औपचारिक भ्रमणमा जानु हुन्दै छ।
- गृहमन्त्री अमित शाहले हिज नयाँ दिल्लीमा भूमि बन्दरगाह व्यवस्थापन प्रणाली - स्वच्छको उद्धाटन गर्नुभयो।
- अमेरिकाले इरानमाथि हवाई हमला गरेको छ। अमेरिकी अपाचे हेलिकप्टरलाई निशाना बनाइएको जवाबी कारवाही गरिएको अमेरिकाले भनेको छ।

## प्रधानमंत्री मोदी -सर्वाधिक कार्यकाल

प्रधानमंत्री नरेंद्र मोदी आज भारतको सबभन्दा लामो समय सम्म देशको सेवा गर्ने निर्वाचित प्रधानमंत्री बनिनु भएको छ। श्री मोदीले 26 मई 2014 को दिन प्रधानमंत्री पदको शपथ लिनु भएको थियो। आज श्री मोदीले पंडित जवाहरलाल नेहरूको रेकॉर्ड तोड़ी दिनु भएको छ। स्वर्गीय नेहरू पहिलो पल्ट 13 मई 1952 को दिन देशको निर्वाचित प्रधानमंत्रीको रूपमा शपथ लिनु भएको थियो अनि 27 मे 1964 सम्म प्रधानमंत्रीको पदमा रहनु भयो । यसरी पंडित नेहरूको निर्वाचित प्रधानमंत्रीको रूपमा कार्यकाल 4398 दिनहरूको थियो। 26 मे 2014 देखि आज 10 जून 2026 सम्म, प्रधानमंत्री मोदीको निरंतर कार्यकाल अब 4399 दिनहरूको भएको छ। यसरी श्री मोदी भारतको इतिहासमा सबभन्दा लामो समय सम्म देशको सेवा गर्ने निर्वाचित प्रधानमंत्री बनिनु भएको छ। सुन्नु हो, एक रिपोर्ट

...... बाइट.......

## विश्व नेताहरूले प्रधानमन्त्रीलाई बधाई दिए

विश्व नेताहरूले भारतको सबैभन्दा लामो समयसम्म निर्वाचित प्रधानमन्त्री बनेकोमा श्री नरेन्द्र मोदीलाई बधाई दिएका छन्। विश्व नेताहरूले प्रधानमन्त्रीको परिवर्तनकारी शासन, विकासशील देशहरूका लागि उहाँको प्रयास अनि समावेशी र आर्थिक रूपमा जीवन्त भारतको लागि उहाँको दृष्टिकोणको प्रशंसा गरेका छन्।

श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायकेले एक पत्रमा भन्नु भएको छ- श्री मोदीको यो उपलब्धि विश्वको सबैभन्दा ठूलो लोकतन्त्रका जनताले उहाँको नेतृत्वमा लगातार देखाएको विश्वासको प्रमाण पनि हो। पपुवा न्यु गिनीका प्रधानमन्त्री जेम्स मारापेले एक भिडियो सन्देशमा प्रधानमन्त्री मोदीलाई एक आदर्श नेताको उदाहरणको रूपमा वर्णन गर्नु भएको छ। उहाँले दुई देशहरू बीचको द्विपक्षीय सम्बन्धलाई अझ बलियो बनाउने इच्छा व्यक्त गर्नु भएको छ।

त्रिनिदाद र टोबागोकी प्रधानमन्त्री कमला प्रसाद-बिसेसरले प्रधानमन्त्री श्री मोदीको नेतृत्वमा भारत वैश्विक मामिलाहरूमा एउटा बलियो आवाजको रूपमा देखा परेको बताउनु भएको छ। उहाँले प्रधानमन्त्री श्री मोदीको साधारण शुरूवातदेखि नै देशका १ सय ४० करोड़ जनता भएको राष्ट्रको नेतृत्व गर्ने यात्राको उल्लेख गर्दै श्री मोदीको नेतृत्वमा विदेश नीति, आर्थिक विकास र सामाजिक-आर्थिक उत्थानमा भारतको महत्वपूर्ण उपलब्धिहरूमाथि प्रकाश पार्नु भएको छ।

## एनडीए - बैठक

भारतको सबैभन्दा लामो समयसम्म निर्वाचित प्रधानमन्त्रीको रूपमा सरकारको १२ वर्ष पूरा भएको र प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यकाल मनाउन राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) आज नयाँ दिल्लीमा भेला भइरहेको छ ।

भारतीय जनता पार्टी (भाजपा) का शीर्ष नेताहरू र एनडीए गठबन्धनका सबै घटक दलका नेताहरू बैठकमा उपस्थित हुने अपेक्षा गरिएको छ। एनडीए शासित सबै २२ राज्य र केन्द्र शासित प्रदेशका मुख्यमन्त्रीहरू र उपमुख्यमन्त्रीहरू, साथै सबै गठबन्धन दलका नेताहरू पनि उपस्थित हुनेछन्। बैठकमा विभिन्न राष्ट्रिय विकास कार्यक्रमहरू, पूर्वाधार कार्यक्रमहरू, र २०४७ को विकसित भारतको सरकारको दृष्टिकोणको बारेमा छलफल हुनेछ।

**जयशंकर – दौरा**

विदेशमन्त्री डा. एस. जयशंकर आजदेखि दुई दिने बुल्गेरिया र फिनल्याण्डको औपचारिक भ्रमणमा जानु हुन्दै छ। विदेश मन्त्रालयले भनेको छ यस भ्रमणको क्रममा डा. जयशंकरले बुल्गेरियाका शीर्ष नेताहरू र विदेशमन्त्रीसँग भेटवार्ता गर्नुहुने छ। दोस्रो चरणमा, डा. जयशंकर फिनल्याण्डमा १४ औं कुलतरन्ता संवादमा भाग लिनुहुनेछ। यस संवादको विषयवस्तु "परिवर्तनशील संसार: विश्वव्यापी, क्षेत्रीय र स्थानीय दृष्टिकोण" गहेकोछ। डा. जयशंकरले फिनल्याण्डका विदेशमन्त्री र अन्य नेताहरूसँग पनि भेट गर्नुहुनेछ।

**सरकारको १२ वर्ष - युवा शक्ति**

प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा, भारतले "सबका साथ, सबका विकास, सबका विश्वास, र सबका प्रयास" को सिद्धान्तमा आधारित विगत १२ वर्षमा उल्लेखनीय प्रगति गरेको छ। यस अवधिमा, सरकारले गरिब, किसान, महिला र युवाहरूको कल्याण र सशक्तिकरणका लागि धेरै प्रमुख योजनाहरू सुरु गर्यो।

आकाशवाणी समाचारले विगत १२ वर्षमा विभिन्न प्रमुख क्षेत्रहरूमा सरकारको प्रयासहरूमा विशेष श्रृंखला प्रस्तुत गर्दैछ। आज, हामी युवा सशक्तिकरणको दिशामा सरकारका प्रयासहरू बारे छलफल गर्नेछौं। सुन्नु होस एक रिपोर्ट........

--------बाईट--------अशोक..........

**अमित शाह - स्वच्छ**

गृहमन्त्री अमित शाहले हिज नयाँ दिल्लीमा भूमि बन्दरगाह व्यवस्थापन प्रणाली - स्वच्छको उद्घाटन गर्नुभयो। यो भारतको भूमि सीमामा कार्गो प्रशोधन र यात्रु आवागमनलाई डिजिटलाइज र सुव्यवस्थित गर्ने दिशामा एक महत्वपूर्ण कदम हो। श्री शाहले भन्नुभयो यो पहलले आधुनिक, प्रविधिमा आधारित सीमा व्यवस्थापन प्रणाली निर्माण गर्ने सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। वहाँले भन्नुभयो यो प्लेटफर्म विकसित भारत २०४७ को दृष्टिकोणसँग मेल खान्छ र व्यापार सहजीकरण, कनेक्टिभिटी र राष्ट्रिय सुरक्षालाई बलियो बनाउनेछ।

श्री शाहले भन्नुभयो गृह मन्त्रालयले स्मार्ट सीमा अवधारणा अन्तर्गत भारतको सीमा सुरक्षित गर्न चार-खण्डीय रणनीतिमा काम गरिरहेको छ, र भूमि बन्दरगाह प्राधिकरणले यस दृष्टिकोणमा प्रमुख भूमिका खेल्नेछ। वहाँले भन्नुभयो बन्दरगाह व्यवस्थापन प्रणाली र स्मार्ट सीमाले मिलेर अझ सुरक्षित र आधुनिक सीमा व्यवस्थापन संरचना सिर्जना गर्न र बलियो सीमा सुरक्षा प्रणाली सुनिश्चित गर्न मद्दत गर्नेछ।

श्री शाहले भन्नुभयो भूमि बन्दरगाह व्यवस्थापन प्रणालीलाई आधुनिक, डिजिटल, एकीकृत र वास्तविक-समय व्यवस्थापन प्लेटफर्मको रूपमा डिजाइन गरिएको छ। वहाँले भन्नुभयो यो प्रणालीले लगभग ९० प्रतिशत कागजी कार्यहरू समाप्त गर्नेछ, जबकि एकल इलेक्ट्रोनिक विन्डो र स्वचालित नम्बर प्लेट पहिचान-आधारित गेट सञ्चालनले प्रशोधन समयलाई उल्लेखनीय रूपमा घटाउनेछ। वहाँले थप भन्नुभयो भूमि बन्दरगाहहरू मार्फत व्यापार २०१४ मा ₹५,००० करोडबाट बढेर हाल ₹८३,००० करोड पुगेको छ, जुन १६ गुणा वृद्धि हो। वहाँले भन्नुभयो देशभरी हाल १५ भूमि बन्दरगाहहरू सञ्चालनमा छन्, र अर्को दुई देखि तीन वर्षमा थप ११ वटा सञ्चालनमा आउने अपेक्षा गरिएको छ।

**ट्रम्प-इरान-हेलिकप्टर**

ओमानको तटमा अमेरिकी अपाचे हेलिकप्टर खसालेको प्रतिक्रियामा अमेरिकी सेनाले इरान विरुद्ध आक्रमण सुरु गरेको छ। अमेरिकी अधिकारीहरूले हेलिकप्टरलाई इरानी ड्रोनले खसालेको बताएका छन् र दुवै पाइलटलाई बचाइएको छ। अमेरिकी

आक्रमणपछि, होर्मुज जलडमरूमको छेउमा रहेका इरानी शहरहरू सिरिक, मिनाब, बन्दर अब्बास र केश्म टापुमा विस्फोट भएको थियो । राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले अमेरिकी हेलिकप्टर खसालेकोमा अमेरिकी प्रतिक्रिया "धेरै बलियो र शक्तिशाली" भएको बताउनु भएको छ ।इरानले यस क्षेत्रमा रहेका अमेरिकी आधार शिविरहरूमा क्षेप्यास्त्र र ड्रोनहरू पनि प्रहार गरेको छ। इरानी विदेशमन्त्री अब्बास अराघचीले कुनै पनि अमेरिकी आक्रमणको बदला लिने बताउनु भएको छ। इरानी विदेशमन्त्रीले विदेशी सेनाहरूलाई होर्मुज जलडमरूम छोड्न वा निरन्तर खतराको सामना गर्न चेतावनी दिएका छन्।